# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
# MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

## कर्मचारी आवश्यकता

**प्रकाशित मिति : २०७५ भाद्र २७ गते**

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था हो। नेपालका १० वटा बैंकहरुद्वारा संयुक्त रुपमा प्रवर्द्धित यस वित्तीय संस्थाले हाल नेपालका ४८ वटा जिल्लामा ८६ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त कारोबार गर्दै आइरहेको छ। यस संस्थाले भविष्यमा खोल्न लागेका शाखा कार्यालयहरु तथा कर्पोरेट कार्यालयका लागि देहाय बमोजिमको जनशक्ति आवश्यक पर्ने भएकोले योग्यता पुगेका इच्छुक तथा अनुभवी नेपाली नागरिकहरुबाट मिति २०७५ असोज १० गते कार्यालय समय भित्र निम्न ठेगानामा आइपुग्ने गरी तोकिएको नमूना बमोजिमको रीतपुर्वक दरखास्त आहवान गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक/वाञ्छनीय योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/२०७५/७६ (खुल्ला) | विभागीय प्रमुख - जोखिम व्यवस्थापन तथा कर्जा असुली विभाग | अधिकृत | १ | स्नातक तहमा कानुन बिषय लिई वा सो सरहको परीक्षा उतीर्ण गरी लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा कानुन तथा कर्जा असुलि विभागमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएकाले दरखास्त दिन सक्नेछन। लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा ७ वर्षको अनुभव भई केन्द्रीय कार्यालयमा अनुगमन/निरीक्षण एवं कानुनी तथा कर्जा असुली निभागमा कार्य गरेका (अनुभवी), मोटरसाइकल एवं चालक अनुमतिपत्र भएका र कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |
| २ | ०२/२०७५/७६ (खुल्ला) | शाखा प्रवन्धक | सहायक | १५ | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरी लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव भएकाले दरखास्त दिन सक्नेछन तर लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा शाखा प्रवन्धकको रुपमा १ वर्ष कार्य गरेको तथा लघुवित्त क्षेत्रमा ५ वर्षको कार्य अनुभव भई मोटरसाइकल एवं चालक अनुमतिपत्र भएका र कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |
| ३ | ०३/२०७५/७६ (खुल्ला) | फिल्ड सहायक | सहायक | ३० | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरी लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव भएकाले दरखास्त दिन सक्नेछन। लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा २ वर्ष कार्य गरेका (अनुभवी), मोटरसाइकल एवं चालक अनुमतिपत्र भएका र कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |

**उमेर** : अधिकृत श्रेणीका लागि ४० वर्ष ननाघेको र सहायक श्रेणीको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तर, महिलाको हकमा ५ वर्ष थप, यस वित्तीय संस्थाका बहालवाला कर्मचारीहरुको लागि भने उमेरको हद लाग्ने छैन।

**नोट** : माथिका सबै पदमा अनुभवको आधारमा स्थायी वा ६ महिना परीक्षणकाल (Probation) मा नियुक्ति दिइनेछ। कार्य अवधि गणना गर्दा परीक्षणकाल समेतलाई स्थायी अवधिमा गणना गरिनेछ।

अधिकृतको तलब/भत्ता ४७,८००/- देखि ५६,०००/- सम्म हुनेछ, शाखा प्रवन्धकको तलब/भत्ता ३४,४००/- देखि ३७,५००/- सम्म हुनेछ, फिल्ड सहायकको तलब/भत्ता २५,६००/- देखि ३०,७००/- सम्म हुने छ। अन्य सुविधाहरु संस्थाको नियमानुसार हुनेछ।

**अन्य जानकारी**

**१. परीक्षाको किसिम**: लिखित, प्रस्तुतिकरण, कम्प्यूटर प्रयोगात्मक र अन्तरवार्ता।

**२. दरखास्त फारम** : यस वित्तीय संस्थाको वेव साइट : www.meromicrofinance.com वा यस संस्थाको जुनसुकै शाखा कार्यालयहरुबाट नि:शुल्क प्राप्त गर्न सकिने छ।

**३. परीक्षा दस्तुर** : छनौट सूचीमा परेका उम्मेदवारहरुले छनौट सूची प्रकाशित गरेको ७ दिन भित्रमा मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, कर्पोरेट कार्यालय बट्टार, नुवाकोटको नाममा एनवि बैंक लि. मा रहेको **खाता नं. ००३०५७२७१ सि** वा ग्लोबल आइएमई बैंक लि. मा रहेको **खाता नं. ०१०१०१०००७०९२** वा यस संस्थाको जुनसुकै शाखा कार्यालयहरुमा नगद रु. ५००/- परीक्षा दस्तुर जम्मा गर्न सकिने छ। रकम जम्मा गरेको भौचर अन्तरवार्तामा लिई आउनु पर्ने छ।

**छनौट सूची संस्थाको वेव साइट** : www.meromicrofinance.com मा प्रकाशित गरिनेछ।

**४. आवेदन पठाउने ठेगाना** : मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको इमेल ठेगाना : vacancy@meromicrofinance.com वा पोष्ट बक्स नं. २२०, (ललितपुर) वा कर्पोरेट कार्यालय बट्टार, नुवाकोटमा उल्लेखित मिति भित्र आइपुग्ने गरी पठाउनु पर्नेछ। रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन। रीतपूर्वक प्राप्त दरखास्त मध्ये छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ।

**(नोट : कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।)**